नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन : ९७७-०१-४२११६६६

मिति २०८३/३/१०

नेपाल सम्वत् ११४६

अवधारणापत्र प्रकाशन गरिएको।

उपर्युक्त विषयमा सहकारी क्षेत्रलाई थप व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउन "बचत तथा ऋण सहकारी (नियमन तथा सुपरीवेक्षण)" र "सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न" दुई छुट्टाछुट्टै विधेयकको मस्यौदा तर्जुमाको लागि नेपाल सरकार, मन्त्रीपरिषदबाट मिति २०८३/३/५ मा सिद्धान्त स्वीकृत भएकोले विधायन ऐन, २०८१ को दफा ४ को उपदफा (४) को प्रयोजनार्थ उक्त अवधारणापत्रहरू प्रकाशन गरिएको छ।

२०८३/०३/१०

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

बचत तथा ऋण सहकारी (नियमन तथा सुपरीवेक्षण) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मस्यौदा सम्बन्धमा सैद्धान्तिक सहमतिका लागि तयार गरिएको अवधारणा पत्र

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यक्ता:

क. **संवैधानिक कारण**: सहकारी क्षेत्रलाई नेपालको संविधानले आर्थिक समृद्धि एवं आर्थिक रुपान्तरणको महत्वपूर्ण माध्यम र समाजवाद उन्मुख आत्मनिर्भर अर्थव्यवस्थाको निर्माणको लागि एउटा आधार मानेको छ । संविधानको धारा ५० को उपधारा (३) ले "सार्वजनिक, निजी, र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धीहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य लिएको छ। त्यसैगरी धारा ५१ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने एवं सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने संवैधानिक नीतिले नै सहकारीको व्यापक भूमिकालाई इङ्गित गर्दछ। संविधानले सहकारीलाई तीनवटै तहको साझा अधिकारमा राखेको र अनुसूचि -५ मा सहकारी नियमन तथा वित्तीय नीतिको विषय संघीय क्षेत्राधिकारमा रहेको विषयलाई मध्यनजर गर्दा संवैधानिक रुपमै राष्ट्रिय अर्थतन्त्रको एउटा खम्बाको रुपमा रहेको सहकारी विषयलाई व्यवस्थित गर्न यस भित्रका सहकारीको प्रवर्द्धन, प्रशिक्षण र नियमनका विषयमा छुट्टाछुट्टै कानूनी प्रबन्ध गर्न उपयुक्त हुने।

ख. **कानूनी कारण:**

संविधानको व्यवस्था अनुसार आआफ्नो कार्यक्षेत्रका सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन लगायतका संस्थापकीय कार्यहरु सम्बन्धित तहबाटै हुने कानूनी व्यवस्था रहेको छ। यस अनुसार सहकारीहरु संघीय, प्रादेशिक र स्थानीय तह गरी ७६१ वटा सरकारको नियामकीय र सुपरीवेक्षकीय दायरामा रहेको छ। विद्यमान सहकारी कानून अनुसार सहकारी संस्थाहरु स्वनियमनमा चल्ने मान्यता रहे पनि व्यवहारमा खासगरी वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरूको नियमन र सुपरीवेक्षणका लागि सहकारी ऐनमा संशोधन गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको व्यवस्था गरिएपनि सहकारीको अनुगमन, निरीक्षण तथा नियमन र सुपरिवेक्षणमा प्राधिकरण र सहकारी दर्ता अधिकारीहरूको जिम्मेवारीमा थप अन्यौलता सिर्जना भएकोले बचत तथा ऋण सहकारीको नियमनको लागि छुट्टै कानूनी प्रबन्ध गर्न आवश्यक भएको।

सहकारी ऐन, २०७४ मा भएको पछिल्लो संशोधनले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको नियमन र सुपरीवेक्षणका लागि परिच्छेद-१७क. मा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरिएतापनि स्वनियमनमा आधारित सहकारी र बाह्य नियमनमा आधारित वित्तीय सहकारी नियमन र सुपरीवेक्षण सम्बन्धी ऐन एउटै बनाउँदा सहकारी दर्ता अधिकारी र प्राधिकरणको भूमिकामा अस्पष्टता, दुविधा, दोहोरोपना र बुझाइमा एकरुपता हुन नसक्दा सहकारी क्षेत्र थप अन्यौलग्रस्त हुने अवस्थालाई संबोधन गर्न वित्तीय सहकारीको नियमन र सुपरीवेक्षणका लागि दोस्रो तहको नियामक निकायको रुपमा स्थापित प्राधिकरणलाई थप स्वायत्त र प्रभावकारी बनाउन आवश्यक भएको।

मदन भुजेल
सचिव

ग. **अन्तराष्ट्रिय दायित्वः**

नेपाल सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा संयुक्त राष्ट्र संघको लागुऔषध तथा मनोद्विपक पदार्थको अवैधानिक ओसारपसार विरुद्धको महासन्धी, १९८८, आतंकवादमा वित्तीय लगानी दमनसम्बन्धी महासन्धि, १९९९, अन्तर्देशीय संगठित अपराध विरुद्धको महासन्धि, २०००, भ्रष्टाचार विरुद्धको महासन्धि, २००३ एवं सार्क क्षेत्रीयस्तरमा समेत आतंकवाद दमनसम्बन्धी सार्क क्षेत्रीय महासन्धि, १९८७, आतंकवादमामा वित्तीय लगानी दमन सम्बन्धी प्रोटोकल, २००४, तथा बिमस्टेकस्तरमा अन्तर्राष्ट्रिय आतंकवाद, बहुराष्ट्रिय संगठित अपराध तथा लागुऔषधको गैरकानूनी ओसारपसार सम्बन्धी महासन्धि, २००९ र वायुयानभित्र भएका कसुर तथा अन्य केही कार्य सम्बन्धी टोकियो महासन्धी, १९६३ को पक्ष रष्ट्र भएको छ। नेपालको सम्पत्ति शुद्धिकरण निवारण प्रणालीको सन् २०२३ मा भएको तेस्रो अन्तर्राष्ट्रिय पारस्परिक मूल्यांकनबाट नेपाल ग्रे लिष्टमा परेकोले जोखिमयुक्त अवस्थाबाट सहकारी क्षेत्रमा जोखिममा आधारित सुपरिवेक्षणको आवश्यकता रहेको छ।

World Bank ले विगतदेखि नै नेपालका सहकारीहरू नियमनको दायरामा नरहँदा समस्यामूलक बन्दै गएको र यसले समग्र वित्तीय क्षेत्रमा नकारात्मक प्रभाव पार्ने गरेको उल्लेख गरेको छ। International Monetary Fund ले 2017 Article IV Consultation र 2020 Article IV Consultation मार्फत् नेपालमा सहकारीको संख्या धेरै बढी भएकोले त्यसलाई एकापसमा गाभ्न प्रोत्साहित गर्ने र सबैलाई प्रभावकारी सुपरिवेक्षण गर्न आवश्यक संयन्त्रको विकास गर्न सुझाव दिएको छ । APG को Mutual Evaluation Report-2023 मा उल्लेख भए अनुसार नेपालको सहकारी क्षेत्र प्रभावकारी सुपरिवेक्षणको दायरामा नरहेकै कारणले सम्पत्ती शुद्धीकरणका मामिलामा पनि संवेदनशील रहेको हुँदा तात्कालिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जोखिम न्यूनिकरण गर्न उच्च जोखिममा आधारित सहकारी क्षेत्रमा कानून निर्माण पश्चात् प्रमुख रुपमा मुलुकले ध्यान केन्द्रित गर्नुपर्ने नियमन, सुपरीवेक्षण, विद्युतीय जानकारी एकाइको विद्युतीय प्रणालीमा सूचक संस्था (सहकारी संस्था) को अनिवार्य आबद्धताको लागि समेत संस्थागत तथा स्वचालित प्रणालीयुक्त अधिकार सम्पन्न संघीय संरचना सहितको सहकारी नियमन कानूनको तर्जुमा गर्नु पर्ने भएको ।

घ. **सर्वोच्च अदालतको फैसला** : मुद्दा नं. ०७२-WO-०८३९ उपर मिति २०७४/१०/१५ परमादेश तथा निर्देशनात्मक आदेशमा बैंकिङ् प्रकृतिको कारोवार गर्ने सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनुपर्ने तथा जानकारी लिने, अनुगमन गर्ने, तथ्यांक राख्ने समेतका कार्यहरु गर्नु गराउनु भनी परमादेश जारी भएको। यसैगरी मुद्दा नं ०८०-WO-०५४१ उपर मिति २०८२/१०/११ उपर नेपाल सरकार र प्रदेश सरकारको नाममा समस्याग्रस्त सहकारी संस्थाका पीडित सदस्यहरुको बचत फिर्ताका लागि यथाशिघ्र पीडित राहत तथा क्षतिपूर्ति संयन्त्र गठन तथा सहकारी ऐन संशोधन लगायतका विषयमा निर्देशनात्मक आदेश भएको छ।

ङ. **प्रदेश सरकारको नीति तथा कार्यक्रम** : x

च. **अन्य कुनै कारण:**

ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा वित्तीय पहुँच, वित्तीय साक्षरता प्रवर्द्धन, सामूहिक सहभागिता र नेतृत्व विकासमा सहकारी क्षेत्रको योगदान महत्वपूर्ण रही आएको छ। सहकारी सदस्यको क्षमता वृद्दी गरी साना उद्यम मार्फत आय आर्जन बढाउन र सहकारीका सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा पनि यो क्षेत्रको योगदान उल्लेख्य रहेको ।

मदन भुजेल
सचिव

२. **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि** : सहकारीको वित्तीय कारोवारलाई नियमन गर्ने सम्बन्धमा छुट्टै ऐन बनेर कार्यान्वयनमा आएपछि अनौपचारिक क्षेत्रको रुपमा रहेको सहकारी क्षेत्रलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सघाउ पुग्ने, बचत तथा ऋणको कारोवारका लागि प्राधिकरण मार्फत् पूर्व स्वीकृति, अनुमति र इजाजत प्रणालीमा आबद्ध गरी वार्षिक रुपमा संस्थाहरु नविकरण र अद्यावधिक हुनजाने, तरलता व्यवस्थापन, धितो मूल्यांकन, ऋण लगानी तथा असुलीमा प्राधिकरण मार्फत् प्राविधिक किसिमले नियमन र व्यवस्थापन गर्न सहज हुने, सहकारी संस्थाहरुलाई यसको यसबाट कूल गार्हस्थ उत्पादन र वित्तीय प्रणालीमा सहकारी क्षेत्रको योगदान मापन गर्न सकिने, सहकारीका सदस्यहरुको आर्थिक तथा सामाजिक हित संरक्षणमा सघाउ पुग्ने, सहकारीबाट हुने ऋण तथा बचत परिचालनलाई भरपर्दो र विश्वसनीय बनाउन सघाउ पुग्ने, अस्वस्थ र अनधिकृत सहकारी कृयाकलाप नियन्त्रणमा सघाउ पुग्ने, सहकारीको वर्गीकरण, स्तरीकरण र स्थिरिकरणमा सघाउ पुग्ने, शहर केन्द्रित ठूला वचत तथा ऋण सहकारी संस्थाहरुलाई संस्थागत र स्वचालित प्रणालीमा आबद्ध गर्न सकिने, नेपालको सम्पत्ति शुद्धिकरण निवारण प्रणालीको विकासमा सघाउ पुग्ने र यसका प्रावधानहरुबाट सहकारी क्षेत्रप्रतिको विश्वास पुन जागृत गर्न सकिने, स्वस्थ र सबल अर्थतन्त्र तथा वित्तीय प्रणाली निर्माणमा सघाउ पुर्याउँदै संविधानले परिकल्पना गरेको तीनखम्बे अर्थनीतिमा बल पुगी समाजवादउन्मुख अर्थतन्त्र निर्माणमा सघाउ पुग्ने एवं कानूनको शासनको प्रत्याभूति दिलाउने विषयमा अपेक्षित लाभ हासिल गर्नमा अनुकूल वातावरण सिर्जना हुने अपेक्षा रहेको।

३. **प्रस्तावित विषयमा मौजुदा कानून भए :**

**क. विद्यमान सहकारी ऐनः** सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र नियमनको लागि हाल कार्यान्वयनमा रहेको सहकारी ऐन, २०७४ ले सहकारीहरु सिद्धान्ततः सदस्यहरूद्वारा स्थापित, सञ्चालित र नियन्त्रित स्वायत्त संस्था हुने मान्यता अँगालेको र यस्ता संस्थाको कारोबार एवम् कृयाकलापहरूमा बाह्य परीक्षण, नियमन वा नियन्त्रण चाहिदैन भन्ने विश्वास राखेकोमा ऐनमा भएको पछिल्लो संशोधनले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीको नियमनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको व्यवस्था गरिएपनि यसबाट अन्य सहकारी र वित्तीय सहकारीबीचको भिन्नता नछुट्टिई सबै सहकारी नै वित्तीय सहकारी हुन भन्ने धारणा विकास हुनगई संविधान तथा सहकारीको मर्म र भावना विपरीत सहकारी क्षेत्रको गन्तव्य र प्राथमिकता नै ओझेलमा पर्ने सम्भावना भएको। एउटै कानूनबाट समग्र सहकारी व्यवस्थापन गर्दा दर्ता अधिकारी र प्राधिकरण एवं प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारीमा अस्पष्टता अझ बढ्ने स्थिति देखापरेको, सहकारी ऐन, २०७४ मा रहेका अधिकांश प्रावधान वित्तीय सहकारीसंग सम्बन्धित देखिएकोले वित्तीय सहकारी नियमन सम्बन्धमा छुट्टै नयाँ कानून निर्माण गर्न आवश्यक भएको।

**ख. सहकारीमा स्वनियमन वा बाह्य नियमनको सवालः** सिद्धान्ततः सहकारी स्वनियमनमै आधारित हुने र आफ्ना सदस्यहरुबाट नियमित एवं अनिवार्य वचतको माध्यमबाट वचत खाता मात्र सञ्चालन गर्न पाउनेमा धेरैजसो सहकारीहरुले आवधिक वचतका नाममा मुद्दति खाता सञ्चालन गरेका, कतिपय सहकारीहरूले महंगो ब्याजदरको विज्ञापन गरी गैरसदस्यबाट समेत बैंक तथा वित्तीय संस्थाबाट झै बचत संकलन गर्ने कार्यलाई निरन्तरता दिई सीमित व्यक्तिका निजी व्यवसायमा लगानी गरेर सहकारीको समग्र मुल्य मान्यताका साथै स्वनियमनको विवेकपूर्ण मार्गलाई लगातार उल्लंघन गर्दै स्वनियमको सिमामा रहन नसकेको प्रष्ट देखिएपछि सहकारीमा स्वनियमन एउटा काल्पनिक अवस्था मात्र हो भन्ने पनि पुष्टि हुन आएको र सहकारी दर्ता गर्ने दर्ता अधिकारी तथा निकायबाट मात्र यति ठूलो कारोवारको नियमन तथा सुपरीवेक्षण सम्भव नभएको अवस्थामा बाह्य नियमनको विकल्पसहित प्राधिकरण स्थापना गरिएकोमा प्राधिकरणलाई थप प्रभावकारी बनाउन नियमन सम्बन्धि छुट्टै कानून तर्जुमा गर्न परेको।

मदन भुजेल
सचिव

**ग. सहकारीको नियमन र सुपरीवेक्षणः** सहकारी नियमनको अन्तिम जिम्मेवारी संघीय सरकारको भएको सन्दर्भमा वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुको हकमा समेत सहकारी सञ्चालनमा सहजताका लागि सहकारी विभाग, प्रदेश सरकार र स्थानीय तहमा सहकारी संस्था दर्ता गरी प्राधिकरण मार्फत् वित्तीय कारोवारको नियमन र सुपरीवेक्षण गर्ने व्यवस्था मिलाउन आवश्यक हुन आएकोले राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई थप प्रभावकारी र स्वायत्त बनाउन नियमन सम्बन्धि छुट्टै कानून तर्जुमा गर्न परेको।

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सोको कारण :**

**क. सैद्धान्तिक आधारः** सहकारी संघ संस्थाहरु सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गरी गठन तथा सञ्चालन हुने एवं स्वनियमन र स्वनियन्त्रणमा चल्ने अवधारणामा संघीय सहकारी ऐन, २०७४ र सो अनुसार प्रदेश र स्थानीय तहमा बनेका तत् तत् सहकारी कानूनहरु निर्माण भएकाले सहकारी रजिष्ट्रारहरुलाई सारभुत नियमन भन्दा प्रवर्द्धनात्मक र सहजीकरणमुखी जिम्मेवारी दिईएको र सदस्यमुखी संस्थाका रूपमा सहकारीका मुल्य मान्यताको पालना नगर्ने प्रवृत्ति बढ्दै गएको, कार्यक्षेत्र ठुलो हुँदै गएको र समस्याग्रस्त बन्दै गरेको अवस्थामा सहकारी ऐन, २०७४ मा मिति २०८१/१२/१८ मा भएको संशोधनबाट तीनवटै तहका बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको नियमनका लागि संघीय तहमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना भई कार्यान्वयनमा आएपछिको अवस्थालाई विचार गर्दा सहकारी प्रशासन, प्रवर्धन र प्रशिक्षणको लागि समग्र सहकारी कानून र नियमनको लागि अलग्गै कानूनको आवश्यक्ता देखिएको।

**ख. संवैधानिक आधारः** संवैधानिक रुपमै तीन तहको जिम्मेवारीमा रहेको सहकारीको दर्ता, अनुमति, खारेजी लगायतका संस्थापकीय कार्यजिम्मेवारी सहित तीनवटै तहमा सहकारी कानून निर्माण गर्ने अधिकार रहेको। ९९% भन्दा बढी सहकारी संस्थाहरु प्रदेश तथा स्थानीय तहमा रहेको। खासगरी वित्तीय कारोवार गर्ने संस्थाहरुको संख्या र प्रवृत्ति बढ्दै गएकोले दर्तामुखी कानूनी व्यवस्थाबाट यस्ता संस्थाको नियमन र सुपरीवेक्षण प्रभावकारी हुने नसक्ने देखिएको । अतः संविधानको व्यवस्था अनुसार तीनवटै तहका सहकारीको नियमनका लागि इजाजत प्रणाली सहितको बाह्य नियमन र सुपरीवेक्षणमा जानुपर्ने भएको हुँदा एउटै कानूनबाट भिन्न निकायहरुको भूमिका परिभाषित र कार्यान्वयन गर्न थप जटिलता देखिएकोले नयाँ कानूनको आवश्यक भएको।

**ग. रजिष्ट्रारको भूमिकाः** सहकारी रजिष्ट्रारले दर्ता अधिकारीको रुपमा कार्य गर्ने, तीनवटै तहबीच स्पष्ट अन्तर्सम्बन्ध र समन्वयको अभाव हुनुले पनि सहकारी रजिष्ट्रारबाट मात्र करीब ३२ हजार संख्याको सहकारी क्षेत्रको प्रभावकारी नियमन हुनसक्ने नदेखिएको ।यसरी सहकारी नियामक निकाय ७६१ वटा सरकार भएकोले विद्यमान संघीय सहकारी ऐन संशोधन गरेर मात्र समस्या समाधान नहुने।

**घ. राष्ट्रिय सहकारी नियमन प्राधिकरणको कार्यक्षेत्रः** समग्रमा बचत तथा ऋणको नाममा दर्ता भई सञ्चालनमा रहेका, अन्य विषयगत र बहुउद्देश्यीय नाममा दर्ता भई मुलतः बचत तथा ऋणको मात्रै र बचत तथा ऋणको समेत कारोवार गर्ने सहकारीको संख्या ठूलो रहेको सन्दर्भमा प्राधिकरणको दायराभित्र जुनसकै नाममा दर्ता रहेपनि बचत तथा ऋणको समेत कारोबार गर्ने सबै सहकारीलाई राख्न वाञ्छनीय देखिन्छ। यस आधारमा प्राधिकरण मार्फत मोटामोटी रूपमा १० करोडभन्दा बढी कारोबार भएका सहकारीलाई नियमित र त्यस सीमाभन्दा साना सहकारीलाई सूचना, उजुरी, नमूना छनौट र आवश्यकताका आधारमा मात्र निरीक्षण अनुगमन गर्ने गरी व्यवस्था गर्न उपयुक्त हुने।

**ङ. सहकारी दर्ता अधिकारी र बाह्य नियामक निकायबीचको अन्तर्सम्बन्धः** सिद्धान्ततः सहकारी संस्थाहरु बैंक तथा वित्तीय संस्थाहरु जस्तो नाफामुलक र निजी कम्पनीको अवधारणाभन्दा पृथक संस्था भएको र सदस्यमुखी र सामान्यस्तरको समस्या रहेको संस्थामा हस्तक्षेपको भावना हावी हुँदा सहकारीताको मर्ममा आघात पुग्न

सक्ने भएकोले सहकारीलाई प्रभावकारी नियमन र सुपरिवेक्षणको दायरामा राख्ने प्रयास गर्दा यसको स्वायत्तताको अवधारणा र स्वनियमनको दायराको साथै संविधानले सहकारीलाई तीनवटै तहको सरकारको साझा अधिकारमा र सहकारीको नियमन संघीय सरकारको एकल अधिकारमा रहेको विषयलाई ख्याल गर्दै कार्यक्षेत्रलाई आधार मानी तीनैतहका सरकारमा सहकारी संस्था दर्ता गर्ने, संघीय सहकारी विभागले देशभरकै सहकारीलाई सहकारीको मूल्य, मान्यता, सिद्धान्त तथा सहकारी कानून बमोजिम नियमन गर्ने र प्राधिकरणले वित्तीय कारोवारको मात्र नियमन तथा सुपरिवेक्षणको कार्य गर्नेगरी व्यवस्था मिलाउन आवश्यक भएको। यसको लागि सहकारी ऐन र सहकारीको वित्तीय कारोवार नियमन ऐन अलग अलग बनाउन जरुरी भएको ।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विषेश नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जुमा भएको होः**

क. **राष्ट्रिय सहकारी नीतिः** राष्ट्रिय सहकारी नीति, २०६९ ले बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न छुट्टै बचत तथा ऋण सहकारी ऐनको निर्माण गरिने उल्लेख भएको।

ख. **बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यः** नेपाल सरकारले आर्थिक वर्ष २०६०/६१ को बार्षिक बजेट तथा कार्यक्रम देखि आर्थिक वर्ष २०८०/८१ को बजेटमा 'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन विशिष्टीकृत नियामकीय निकाय स्थापना गरी सञ्चालनमा ल्याइने उल्लेख हुँदै आएको।

ग. **मौद्रिक नीतिः** आर्थिक वर्ष २०५९/६० को मौद्रिक नीतिमा पहिलो पटक 'बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने एक छुट्टै निकायको व्यवस्था हुनु जरूरी रहेको' उल्लेख भएदेखि आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिमा 'बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन तथा सुपरिवेक्षणका लागि छुट्टै विशिष्टिकृत नियामक निकाय स्थापना गर्न आवश्यक सहजीकरण गरिने' आदि उल्लेख भएको ।

६. **नीति निर्माणमा संलग्न पदाधिकारी :** उल्लेखित नीति तथा कार्यक्रम तर्जुमामा नेपाल सरकारको सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल राष्ट्र बैंक, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, नेपाल सरकार (मन्त्री परिषद), संघीय संसद र नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४ बमोजिम नीति निर्माणमा परामर्श लिएका सरोकारवाला निकाय तथा सम्बन्धित निकायका पदाधिकारीहरु ।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :**

छिमेकी मुलुक भारतमा सहकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरीवेक्षणका लागि कार्यक्षेत्रका आधारमा एकराज्य बहुराज्य तथा अवस्थितिका आधारमा शहरी र ग्रामीण सहकारी संस्थामा विभाजन गरी फरक फरक निकायले नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने व्यवस्था रहेको छ । भारतमा Registrar of Cooperative Societies ले सहकारीको दर्ता तथा नियमन गर्ने तथा National Bank for Agriculture and Rural Development (NABARD) अन्तर्गतको Board of Supervision ले लघुवित्त र वित्तीय सहकारीहरूको सुपरिवेक्षण गर्ने गर्दछ भने शहरी क्षेत्रको ठूला सहकारीको निरीक्षण तथा सुपरीवेक्षण रिजर्भ बैंक अफ इण्डियाले गर्दछ । बंगलादेशमा वित्तीय सहकारी नेपालमा जस्तै ठुलो समस्या देखिएको, १ लाख ७० हजार प्राथमिक सहकारी र १,३०० जति केन्द्रीय सहकारीको वित्तीय कारोवार जोखिममा परेको भनी लघुवित्त

प्राधिकरण स्थापनाको कार्य अघि बढाइएको, प्राधिकरणले वित्तीय कारोवारको अनुगमन गर्ने र व्यवस्थापकीय नियन्त्रण सहकारी विभागले गर्ने गरी प्रयास भएको छ ।

विश्वका तीन दर्जनभन्दा बढी देशहरुमा छुट्टै वित्तीय सहकारी ऐन निर्माण गरी कार्यान्वयनमा रहेको देखिन्छ। खासगरी अफ्रिका, युरोप र एशियामा यस्तो अलग कानून रहेको देखिन्छ । उदाहरणको लागि केन्यामा SACCO Societies Act, 2008, दक्षिण कोरियामा Credit Union Act, 1998, बेलायतमा Credit Union Act, 1979, संयुक्त राज्य अमेरिकामा Federal Credit Union Act, 1934 आदि । विश्व ऋण संघले नमूना कानुन समेत जारी गरेको अवस्था छ।

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिइएको भए त्यसको संक्षिप्त व्यहोरा :** सहकारी क्षेत्रको प्रभावकारी नियमन तथा सुपरीवेक्षणको कानूनी स्वरुप र संस्थागत व्यवस्था सम्बन्धमा विभिन्न समयमा गठन भएका आयोग, समिति तथा कार्यदलहरुले विभिन्न सुझाव तथा सिफारिस गरेका ।यसमा मुख्य प्रतिवेदन र सुझावहरु देहाय बमोजिम रहेको ।

क. **राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको लागि उपयुक्त कानूनी स्वरूप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति,** २०६१- नेपाल सरकारद्वारा २०६१।४।१३ मा राष्ट्रिय योजना आयोगका तत्कालिन सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा गठित 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको लागि उपयुक्त कानूनी स्वरूप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति' को प्रतिवेदनमा राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वित्तीय सहकारी संस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नुपर्ने कुरा पहिलो पटक उल्लेख भएको । सोही वर्षको असोजमा गठित तुलसी प्रसाद उप्रेती र सूर्यरत्न शाक्य सम्मिलित 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यक पर्ने कानूनी स्वरूप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति' को प्रतिवेदनमा पनि बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नुपर्ने उल्लेख भएको ।

ख. **समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानविन समितिको प्रतिवेदन, २०६९**- नेपाल सरकारद्वारा २०६९।१०।१२ मा तत्कालिन डेपुटी गभर्नर महाप्रसाद अधिकारीको संयोजकत्वमा गठित 'समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानविन समिति'को प्रतिवेदनमा बचत तथा ऋण सहकारी संस्थाहरूलाई समेत सुपरिवेक्षण गर्ने गरी प्रस्ताव गरिएको लघुवित्त प्राधिकरण सम्बन्धी कानूनलाई छिटो अन्तिम रूप दिने र बचत तथा ऋण सहकारी संस्थाहरूलाई उक्त ऐनमा आधारित भई नियमन र सुपरिवेक्षणको व्यवस्था मिलाउने उल्लेख भएको।

ग. **बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानविन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन, २०७१**- नेपाल सरकारद्वारा २०७०।७।१४ मा बिशेष अदालतका तात्कालिन न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित 'बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७०' को प्रतिवेदनमा दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गरी अनुगमन गर्ने छुट्टै संयन्त्र बनाएमा मौजुदा विभाग र सहकारी कार्यालय प्रभावकारी नहुने साथै यो व्यवस्थाले अनुगमन गर्ने तथा दर्ता गर्ने निकाय दुईधारमा विभाजित हुने सम्भावना हुने हुँदा यस्तो संस्थाको आवश्यकता नरहेको उल्लेख भएको ।तर सो प्रतिवेदन पछि

नेपालको संविधानले सहकारीलाई तीन तहको सरकारको कार्यजिम्मेवारीमा रहने गरी अधिकारको विभाजन गरेको ।

घ. **नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका वित्तीय कारोवार गर्ने संस्थाहरुको कानूनी एवं सुपरीवेक्षकीय संरचना सम्बन्धी अवधारणापत्र, २०७२**- नेपाल सरकारले आ.व.२०७२/७३ को बजेट वक्तव्य एवं नेपाल राष्ट्र बैंकको मौद्रिक नीति मार्फत् नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका वित्तीय कारोवार गर्ने संस्थाहरुलाई नियमन एवं निरीक्षण गर्न छुट्टै निकायको स्थापना गर्ने कानूनी एवं संस्थागत संरचनाको विकास गर्ने घोषणा गरेको सन्दर्भमा उक्त कार्यलाई सहज बनाउन नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका वित्तीय कारोवार गर्ने संस्थाहरुको कानूनी एवं सुपरीवेक्षकीय संरचना सम्बन्धी अवधारणापत्र तयार भएको । यसले नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका सहकारी संस्था, गैर सरकारी संस्था, सम्झौतित वचत संस्थाहरुको अवस्था, अन्तर्राष्ट्रिय अनुभव, सम्भाव्य सुपरीवेक्षकीय संरचना र भावी कार्यदिशा सम्बन्धी विषयहरु समेटेको।

ङ. **सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदन, २०८०** - नेपाल सरकारद्वारा मिति २०८०।१।२६ मा राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित 'सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०' को प्रतिवेदनमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको अनुगमन, सुपरिवेक्षण, नियमनका लागि दोश्रो तहको प्रभावकारी नियमन संयन्त्रको आवश्यकता रहेको उल्लेख गर्दै यसका लागि छुट्टै ऐनको तर्जुमा वा विद्यमान सहकारी ऐनमा आवश्यक संसोधन गरी सहकारी नियमन तथा सुपरिवेक्षण बोर्ड वा प्राधिकरण गठन गर्न सुझाव दिएको।

च. **संसदीय छानविन विशेष समितिको प्रतिवेदन, २०८१** — प्रतिनिधि सभाका सांसद मा. सूर्यथापाको संयोजकत्वमा गठित संस्दीय छानविन विशेष समितिले सहकारी संस्थाहरूको नियमन र सुपरीवेक्षणका लागि स्वायत्त निकायको रूपमा अधिकार सम्पन्न सहकारी प्राधिकरण स्थापना गर्न सिफारिस गरेको।

छ. **राष्ट्रिय विकास समस्या समाधान समितिको निर्णयः** राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय विकास समस्या समाधान समितिको मिति २०७९ चैत २३ मा बसेको ५० औं बैठकले 'बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी नियमनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग समन्वय गरी दुई महिनाभित्र दोश्रो तहको नियामक निकाय स्थापना गर्न कानूनी व्यवस्था प्रस्ताव गर्ने' उल्लेख भएबमोजिम सहकारी ऐनमा संशोधन गरी सहकारी क्षेत्रमा दोश्रो तहको नियामक निकायको रुपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरिएको।

ज. **प्राधिकरण गठन गर्ने प्रयासः** वित्तीय कारोवार गर्ने बचत तथा ऋण सहकारी संस्थ, गैर-सरकारी संस्था तथा लघु वित्तको कार्य गरिरहेका संस्थाहरुको नियमन तथा सुपरीवेक्षणको लागि दोस्रो नियामक निकायको रुपमा राष्ट्रिय लघुवित्त प्राधिकरण स्थापना गर्न नेपाल राष्ट्र बैंकबाट लघुवित्त प्राधिकरण ऐन, २०६८ को मस्यौदा तयार गरिएको।

झ. **World Council of Credit Union (WOCCU) को सुझावः** प्रस्तावित दोस्रो तहको नियामक निकायको संस्थागत संरचना कुन निकायको मातहतमा स्थापना गर्ने भन्ने सम्बन्धमा World Council of Credit Union (WOCCU) ले वित्तीय संस्थाहरुको नियामक तथा सुपरीवेक्षक निकाय मार्फत् भएमा नियमनकारी निकायहरुप्रति सर्वसाधारणको विश्वास बढ्न जाने अवधारणा राखेको छ।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्ने आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार :** प्राधिकरण स्थापना भइसकेकोले थप व्ययभार नपर्ने, प्रदेशस्तरमा समेत कार्यालय खोल्न पर्ने भएमा कार्यालय स्थापना, सञ्चालन, व्यवस्थापन र पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक वापतको वार्षिक खर्च लाग्ने।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :** नपर्ने

क. वित्तीय सहकारीको दीर्घकालीन व्यवस्थापनका लागि हालै स्थापना भई कार्यान्वयनमा आएको स्वायत्त अधिकार सहितको राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई पुनर्संरचना गरी प्रदेशस्तरसम्म विस्तार गर्नुपर्ने पर्ने।

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :** नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६४ को नियम ९ र ११ बमोजिम अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको परामर्श वा सहमति लिइएको ।

१२. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु :**

प्रस्तावित ऐनमा मुख्य रुपमा सहकारीको वित्तीय कारोवारको नियमन तथा सुपरीवेक्षण गर्न नेपाल राष्ट्र बैंक, सहकारी विभाग लगायत सरोकारवाला निकायको प्रतिनिधित्व रहने गरी स्वायत्त निकायको गठन गरी देहायका विषयहरू समावेश गर्न प्रस्ताव गरिएको छः-

(क) स्वायत्त निकायको ररूपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन तथा पुनर्संरचना

(ख) प्राधिकरणको कर्तव्य र अधिकारको व्यवस्था,

(ग) प्राधिकरणका पदाधिकारीको योग्यता, नियुक्ति तथा पदमुक्ति सम्बन्धी,

(घ) वित्तीय कारोवार सञ्चालनको लागि पूर्व स्वीकृति, अनुमति तथा इजाजत सम्बन्धी व्यवस्था,

(ङ) इजाजतपत्रको नविकरण, रद्द तथा खारेजी सम्बन्धी व्यवस्था,

(च) संस्थाको खारेजी, विघटन तथा लिक्वीडेशन सम्बन्धी,

(छ) नियामकीय मापदण्ड निर्धारण,

(ज) अभिलेख तथा व्यवस्थापन सूचना प्रणाली,

(झ) लेखापरीक्षण र प्रतिवेदन,

(ञ) समस्याग्रस्त संस्थाको व्यवस्थापन तथा हिसाब फरफारक गर्ने,

(ट) संस्थाको स्तरीकरण तथा वर्गीकरण,

(ठ) वचत तथा ऋण परिचालनको मापदण्ड तर्जुमा र कार्यान्वयन,

(ड) पुँजीकोष र तरलता व्यवस्थापन,

(ढ) नियमन तथा सुपरिवेक्षण सम्बन्धी,

(ण) विवाद समाधानको विधि,

(त) कसुर तथा दण्ड सँजाय,

(थ) सहकारी दर्ता अधिकारी र प्राधिकरणबीचको समन्वय र अन्तर्सम्बन्ध आदि।

मदन भुजेल
सचिव

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# सहकारी सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक मस्यौदा सम्बन्धमा सैद्धान्तिक सहमतिका लागि तयार गरिएको अवधारणा पत्र

## १. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः

क. **संवैधानिक कारण**: सहकारी क्षेत्रलाई नेपालको संविधानले आर्थिक समृद्धि एवं आर्थिक रुपान्तरणको महत्वपूर्ण माध्यम र समाजवाद उन्मुख आत्मनिर्भर अर्थव्यवस्थाको निर्माणको लागि एउटा आधार मान्दै तीनवटै तहको एकल तथा साझा अधिकारमा राखेको, अनुसूचि - ५ मा सहकारी नियमन संघीय सरकारको जिम्मेवारीमा रहेको सन्दर्भमा साझा अधिकार र संघीय अधिकारक्षेत्रको लागि वेग्ला बेग्लै कानूनी व्यवस्था गर्न आवश्यक भएको। सिद्धान्ततः संवैधानिक रुपमै राष्ट्रिय अर्थतन्त्रको एउटा क्षेत्र वा अंगको मान्यता प्राप्त सहकारी विषयलाई व्यवस्थित गर्न यस भित्रका सहकारीको प्रवर्धन, प्रशिक्षण र नियमनका विषयमा छुट्टाछुट्टै कानूनी प्रबन्ध गर्न उपयुक्त हुने।

ख. **कानूनी कारणः**

संवैधानिक व्यवस्था अनुरुप तीनवटै तहले आफ्ना कार्यक्षेत्रको सहकारीका लागि ऐन, नियम, मापदण्ड जारी गरी व्यवस्थापन हुँदै आएको, तर प्रदेश र स्थानीय तहले संघीय सरकारलाई सहकारीका विषयमा प्रतिवेदन गर्ने अनिवार्य व्यवस्था नहुँदा र सहकारी संस्थाहरु गठन हुने, संस्था र सदस्य विस्तार गर्ने तर प्रतिवेदन नहुने अवस्थाले यसबाट संस्था सञ्चालनमा रहे नरहेको अवस्था दर्ता अधिकारीलाई समेत एकिन हुन नसकी सहकारी क्षेत्रको अभिलेख तथा तथ्यांक व्यवस्थापनमा कठिनाई हुन गई नीति निर्माणमा समेत समस्या सिर्जना भएको। सहकारी संस्थाको गठन, दर्ता, सञ्चालन, विघटन र खारेजी लगायतका विषयहरू दर्ता अधिकारीको कार्यजिम्मेवारी भित्र रहेपनि संस्थाको प्रकृति र उद्देश्य अनुसारको कारोवार गर्न प्रचलित कानून बमोजिम विषयगत नियामक निकायवाट पूर्व स्वीकृति, अनुमति वा इजाजत लिनुपर्ने हुन्छ। व्यावसायिक कारोवारमा अनुमति, इजाजतपत्रको व्यवस्था भएजस्तै खासगरी बचत तथा ऋणको मुख्य कारोवार गर्ने सबै सहकारी संस्थाहरूले तोकिए बमोजिम केन्द्रीय बैंक वा विशिष्टीकृत नियामक निकायबाट अनुमति वा इजाजत लिई उक्त नियामक निकायको नियमन र सुपरीवेक्षणको दायरामा ल्याउन सहकारी ऐन, २०७४ मा मिति २०८१/१२/१८ मा भएको संशोधनबाट बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको नियमनका लागि संघीय तहमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना भई कार्यान्वयनमा आएतापनि यसबाट अन्य सहकारी र वित्तीय सहकारीबीचको भिन्नता नछुट्टिई सबै सहकारी नै वित्तीय सहकारी हुन भन्ने धारणा विकास हुनगई संविधान तथा सहकारीको मर्म र भावना विपरीत सहकारी क्षेत्रको गन्तव्य र प्राथमिकता नै ओझेलमा पर्ने सम्भावना भएको। एउटै कानूनबाट समग्र सहकारी व्यवस्थापन गर्दा दर्ता अधिकारी र प्राधिकरण एवं प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारीमा अस्पष्टता अझ बढ्ने स्थिति देखापरेको, सहकारी ऐन, २०७४ मा रहेका अधिकांश प्रावधान वित्तीय सहकारीसंग सम्बन्धित देखिएकोले वित्तीय सहकारी नियमन सम्बन्धमा नयाँ कानून निर्माण गर्दा साविक सहकारी ऐन समेत पुनर्लेखन गर्नुपर्ने भएकोले सहकारीको मूल्य मान्यता कायम राख्दै प्रवर्धनकारी सहकारी ऐन र नियमनकारी ऐन गरी दुईवटा बेग्ला बेग्लै कानून निर्माण गर्न आवश्यक भएको।

मुकुन्द भुजेल
सचिव

ग. **अन्तराष्ट्रिय दायित्वः**

नेपाल सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा संयुक्त राष्ट्र संघीय एवं क्षेत्रीय विभिन्न महासन्धि र प्रोटोकलको पक्ष राष्ट्र भएकोमा नेपाल सम्पत्ति शुद्धिकरण निवारण प्रणालीको सन् २०२३ मा भएको तेस्रो अन्तर्राष्ट्रिय पारस्परिक मूल्यांकनबाट ग्रे लिष्टमा परेकोले यसबाट निस्कन सहकारी क्षेत्र प्रभावकारी सुपरिवेक्षणमा प्राधिकरणलाई केन्द्रित गरी अन्य उत्पादनमुलक, सेवामूलक सहकारीलाई प्रवर्धन गर्न सहकारी (संरचनात्मक) कानून तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक भएको।

घ. **सर्वोच्च अदालतको फैसला** : मुद्दा नं. ०७२-WO-०८३९ उपर मिति २०७४/१०/१५ परमादेश तथा निर्देशनात्मक आदेशमा बैंकिङ् प्रकृतिको कारोवार गर्ने सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनुपर्ने तथा जानकारी लिने, अनुगमन गर्ने, तथ्यांक राख्ने समेतका कार्यहरु गर्नु गराउनु भनी परमादेश जारी भएको। यसैगरी निवेदक रबिन्द्र प्रसाद शर्मा विरुद्ध नेपाल सरकार भएको मुद्दा नं. ०८०-WO-०५४१ परमादेश सहितको मुद्दामा मिति २०८२/१०/११ मा नेपाल सरकार र प्रदेश सरकारको नाममा समस्याग्रस्त सहकारी संस्थाका पीडित सदस्यहरुको बचत फिर्ताका लागि यथाशिघ्र पीडित राहत तथा क्षतिपूर्ति संयन्त्र गठन तथा सहकारी ऐन संशोधन लगायतका विषयमा निर्देशनात्मक आदेश भएको विषयलाई तत्काल सम्बोधन गर्न आवश्यक भएको।

ङ. **प्रदेश सरकारको नीति तथा कार्यक्रम** : x

च. **अन्य कुनै कारण**:

ग्रामीण तथा अर्ध शहरी क्षेत्रमा वित्तीय पहुँच, वित्तीय साक्षरता प्रवर्द्धन, सामूहिक सहभागिता र नेतृत्व विकासमा सहकारी क्षेत्रको योगदान महत्वपूर्ण रही आएको छ। सहकारी सदस्यको क्षमता वृद्दी गरी साना उद्यम मार्फत आय आर्जन बढाउन र सहकारीका सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा पनि यो क्षेत्रको योगदान बढाउन सहकारी सम्बन्धी संरचनात्मक कानून आवश्यक रहेको।

२. **ऐन जारी गरी कार्यान्वियन भए पश्चात हासिल गरिने उपलब्धि** : सहकारी फ्रेमवर्क ऐन जारी भई कार्यान्वयनमा आएपछि सहकारी संस्थाहरु वार्षिक रुपमा अद्यावधिक गर्न, सहकारी सम्बन्धी एकिकृत र केन्द्रीय अभिलेख तयार गर्न, सहकारीको राष्ट्रियस्तरमा तथ्यांक व्यवस्थापन गर्न, उत्पादन, रोजगारी सिर्जना र आयस्तर वृद्धि हुने क्षेत्रमा सहकारीलाई केन्द्रित गरी यस क्षेत्रको प्रवर्द्धन र विकास गर्न, तीनका सरकारबीच समन्वय र सहजीकरण गर्न, सहकारीलाई सहकारीको मूल्य मान्यता र सिद्धान्त अनकूल सञ्चालन हुने वातावरण बनाउन, सहकारी संघहरुलाई सहकारी व्यवसाय र क्षेत्रको विकास, प्रवर्धन र सहजीकरणमा केन्द्रित गर्न, सहकारीलाई स्थानीयस्तर र सदस्य केन्द्रित गराउन, निष्कृय सहकारीहरुलाई समयमै व्यवस्थापन गर्न, वित्तीय सहकारी र अन्य सहकारीबीच स्पष्टता ल्याउन, सहकारीको सम्पत्ति दुरुपयोग र अपचलन गर्ने जोसुकैलाई कानूनी कारवाही दायरामा ल्याउन, समस्याग्रस्त संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी सम्बन्धी कार्यमा सघाउ पुर्याउन, ऋण असुली तथा बचत फिर्तालाई प्रभावकारी तुल्याउन, प्राधिकरण र रजिष्ट्रारबीचको कार्यक्षेत्रगत जिम्मेवारीमा स्पष्टता आउने, सहकारी बैंक, कर्जा असुली न्यायाधिकरण, निक्षेप तथा कर्जा सुरक्षण र कर्जा सूचना केन्द्रसम्बन्धी प्रावधान कार्यान्वयनमा ल्याउन, सहकारीका सदस्यहरुको आर्थिक तथा सामाजिक हित संरक्षण, अस्वस्थ र अनधिकृत सहकारी कृयाकलाप नियन्त्रण, सहाकारी सम्बन्धी सूचना र विवरणको आदानप्रदान, सहकारीको वर्गीकरण र स्तरीकरण एवं सहकारी क्षेत्रप्रतिको विश्वास पुन जागृत गर्ने विषयमा अपेक्षित लाभ हासिल गर्नमा अनुकूल वातावरण सिर्जना हुने अपेक्षा रहेको।

३. **प्रस्तावित विषयमा मौजुदा कानून भए** :

मदन भुजेल
सचिव

क. **विद्यमान सहकारी ऐनः** सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र नियमनको लागि हाल कार्यान्वयनमा रहेको सहकारी ऐन, २०७४ ले सहकारीहरु सिद्धान्ततः सदस्यहरूद्वारा स्थापित, सञ्चालित र नियन्त्रित स्वायत्त संस्था हुने मान्यतालाई प्रस्तावनामा नै स्वीकारेको भएतापनि अधिकांश विषयवस्तु वचत तथा ऋण सहकारीसंग सम्बन्धित भएको र वित्तीय कारोवारको लागि एउटै ऐनभित्र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको व्यवस्था भएपछि उक्त ऐनको मौलिक स्वरुप नै वित्तीय सहकारी केन्द्रित भएकोले अन्य प्रकृति र उद्देश्यका सहकारीलाई प्राथिकतामा राख्न समेत सहकारी सम्बन्धी छुट्टै कानून तर्जुमा गर्नुपरेको। यसरी उक्त ऐनबाट वित्तीय सहकारीको नियमन सम्बन्धी विषय हटाउँदा सहकारी ऐनमा पचास प्रतिशतभन्दा बढी संशोधन गर्नुपर्ने अवस्थाले पनि सहकारी ऐनमा पुनर्लेखन गरी नयाँ ऐन बनाउनु परेको।

ख. **सहकारीमा प्रवर्धन, प्रशिक्षण र नियमनः** सिद्धान्ततः सहकारी स्वनियमनमै आधारित हुने र सदस्य केन्द्रित भई काम कारवाही सम्पादन हुने मान्यतामा गठन, दर्ता र सञ्चालन हुने सहकारीहरुलाई प्रवर्धन, विकास र प्रशिक्षण मार्फत् सहकारी क्षेत्रलाई तीनवटै तहका सरकारको साझा कार्यसूचिका रुपमा अघि बढाउन सहकारी सम्बन्धी छुट्टै नयाँ कानूनी व्यवस्था गर्न आवश्यक हुन आएको ।

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सोको कारण :**

क. **सैद्धान्तिक आधारः** सहकारी संघ संस्थाहरु सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गरी गठन तथा सञ्चालन हुने एवं स्वनियमन र स्वनियन्त्रणमा चल्ने अवधारणामा संघीय सहकारी ऐन, २०७४ र सो अनुसार प्रदेश र स्थानीय तहमा बनेका तत् तत् सहकारी कानूनहरु निर्माण भएकाले सहकारी रजिष्ट्रारहरुलाई सारभुत नियमन भन्दा प्रवर्द्धनात्मक र सहजीकरणमुखी जिम्मेवारी दिईएको र सदस्यमुखी संस्थाका रूपमा सहकारीका मुल्य मान्यताको पालना नगर्ने प्रवृत्ति बढ्दै गएको, कार्यक्षेत्र ठुलो हुँदै गएको र समस्याग्रस्त बन्दै गरेको अवस्थामा सहकारी ऐन, २०७४ मा मिति २०८१/१२/१८ मा भएको संशोधनबाट तीनवटै तहका बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको नियमनका लागि संघीय तहमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना भई कार्यान्वयनमा आएपछिको अवस्थालाई विचार गर्दा सहकारी प्रशासन, प्रवर्धन र प्रशिक्षणको लागि समग्र सहकारी कानून र नियमनको लागि अलग्गै कानूनको आवश्यक्ता देखिएको।

ख. **संवैधानिक आधारः** संवैधानिक रुपमै तीन तहको जिम्मेवारीमा रहेको सहकारीको दर्ता, अनुमति, खारेजी लगायतका संस्थापकीय कार्यजिम्मेवारी सहित तीनवटै तहमा सहकारी कानून निर्माण गर्ने अधिकार रहेको र यस अन्तर्गत करीब ९९% सहकारी संस्थाहरु प्रदेश तथा स्थानीय तहमा रहेको सन्दर्भमा खासगरी वित्तीय कारोवार गर्ने संस्थाहरुको संख्या र प्रवृत्ति बढ्दै गएकोले दर्तामुखी कानूनी व्यवस्थाबाट यस्ता संस्थाको नियमन र सुपरीवेक्षण प्रभावकारी नहुने भएकोले संविधानको व्यवस्था अनुसार तीनवटै तहका सहकारीको नियमनका लागि इजाजत प्रणाली सहितको बाह्य नियमन र सुपरीवेक्षणमा जानुपर्ने भएको हुँदा एउटै कानूनबाट भिन्न निकायहरुको भूमिका परिभाषित र कार्यान्वयन गर्न थप जटिलता देखिएकोले सहकारी प्रशासन, प्रवर्धन र प्रशिक्षणको लागि समग्र सहकारी कानून र नियमनको लागि अलग्गै नयाँ कानूनको आवश्यक्ता देखिएको।

ग. **रजिष्ट्रारको भूमिकाः** सहकारी रजिष्ट्रारले दर्ता अधिकारीको रुपमा कार्य गर्ने, तीनवटै तहबीच स्पष्ट अन्तर्सम्बन्ध र समन्वयको अभाव हुनुले पनि सहकारी रजिष्ट्रारहरुबीच समन्वय र अन्तर्सम्बन्ध हुनेगरी सहकारी सम्बन्धी संरचनात्मक कानूनको आवश्यक्ता भएको।

घ. **राष्ट्रिय सहकारी नियमन प्राधिकरणको कार्यक्षेत्रः** बचत तथा ऋणको नाममा दर्ता भई सञ्चालनमा रहेका, अन्य विषयगत र बहुउद्देश्यीय नाममा दर्ता भई मुलतः बचत तथा ऋणको मात्रै र बचत तथा ऋणको समेत कारोवार गर्ने सहकारीको संख्या ठूलो रहेको सन्दर्भमा प्राधिकरणको दायराभित्र जुनसकै नाममा दर्ता रहेपनि बचत तथा ऋणको समेत कारोबार गर्ने सबै सहकारीलाई राख्नेगरी व्यवस्था गर्न उपयुक्त हुने।

ङ. **सहकारी नियामक र बाह्य नियामक निकायबीचको अन्तर्सम्बन्धः** सिद्धान्ततः सहकारी संस्थाहरु सदस्यमुखी र सामान्यस्तरको समस्या रहेको संस्थामा हस्तक्षेपको भावना हावी हुँदा सहकारीताको मर्ममा आघात पुग्न सक्ने भएकोले सहकारीलाई प्रभावकारी नियमन र सुपरिवेक्षणको दायरामा राख्ने प्रयास गर्दा यसको स्वायत्तताको अवधारणा र स्वनियमनको दायराको साथै संविधानले सहकारीलाई तीनवटै तहको सरकारको एकल तथा साझा अधिकारको सूचिमा राखेको विषय र सहकारीको नियमन संघीय सरकारको एकल अधिकारमा रहेको विषयलाई ख्याल गर्दैं कार्यक्षेत्रलाई आधार मानी तीनैतहका सरकारमा सहकारी संस्था दर्ता गर्ने, संघीय सहकारी विभागले देशभरकै सहकारीलाई सहकारीको मूल्य, मान्यता, सिद्धान्त तथा सहकारी कानून बमोजिम नियमन गर्ने र प्राधिकरणले वित्तीय कारोवारको मात्र नियमन तथा सुपरिवेक्षणको कार्य गर्नेगरी व्यवस्था मिलाउन आवश्यक प्राधिकरणलाथप स्वायत्त र विशिष्टीकृत निकायको रुपमा विकास गर्न छुट्टाछुट्टै कानून बनाउन जरुरी भएको।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जुमा भएको होः**

क. **राष्ट्रिय सहकारी नीतिः** राष्ट्रिय सहकारी नीति, २०६९ ले बचत तथा ऋणको कारोवार गर्ने सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न छुट्टै वचत तथा ऋण सहकारी ऐनको निर्माण गरिने उल्लेख भएको।

६. **नीति निर्माणमा संलग्न पदाधिकारी :** उल्लेखित नीति तथा कार्यक्रम तर्जुमामा नेपाल सरकारको सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, नेपाल राष्ट्र बैंक, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, नेपाल सरकार (मन्त्री परिषद), संघीय संसद र नेपाल सरकार कार्यसम्पादन नियमावली, २०६४ बमोजिम नीति निर्माणमा परामर्श लिएका सरोकारवाला निकाय तथा सम्बन्धित निकायका पदाधिकारीहरु ।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम :**

सहकारी संस्थाहरु सञ्चालनमा रहेका प्राय सबैजसो मूलुकहरुमा सहकारी सम्बन्धी छुट्टै कानून रहेको उदाहरणको रुपमा भारत, बेलायत, अमेरिका, अफ्रिका, युरोप र एशियामा यस्तो अलग कानून रहेको देखिन्छ।

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिइएको भए त्यसको संक्षिप्त व्यहोरा :** सहकारी क्षेत्रको प्रभावकारी नियमन तथा सुपरीवेक्षणको कानूनी स्वरुप र संस्थागत व्यवस्था सम्बन्धमा विभिन्न समयमा गठन भएका आयोग, समिति तथा कार्यदलहरुले विभिन्न सुझाव तथा सिफारिस गरेका ।यसमा मुख्य प्रतिवेदन र सुझावहरु देहाय बमोजिम रहेको ।

क. **राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको लागि उपयुक्त कानूनी स्वरूप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति,** २०६१- नेपाल सरकारद्वारा २०६१।४।१३ मा राष्ट्रिय योजना आयोगका तत्कालिन सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा गठित 'राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनको लागि उपयुक्त कानूनी स्वरूप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति' को प्रतिवेदनमा राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वित्तीय सहकारी संस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नुपर्ने कुरा पहिलो पटक उल्लेख भएको । सोही वर्षको असोजमा गठित तुलसी प्रसाद उप्रेती र सूर्यरत्न शाक्य सम्मिलित 'राष्ट्रिय सहकारी बैक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि आवश्यक पर्ने कानूनी

स्वरूप र संस्थागत व्यवस्था सम्बन्धी अध्ययन समिति' को प्रतिवेदनमा पनि बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गर्नुपर्ने उल्लेख भएको ।

ख. **समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानविन समितिको प्रतिवेदन, २०६९-** नेपाल सरकारद्वारा २०६९।१०।१२ मा तत्कालिन डेपुटी गभर्नर महाप्रसाद अधिकारीको संयोजकत्वमा गठित 'समस्याग्रस्त बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको छानविन समिति'को प्रतिवेदनमा बचत तथा ऋण सहकारी संस्थाहरूलाई समेत सुपरिवेक्षण गर्ने गरी प्रस्ताव गरिएको लघुवित्त प्राधिकरण सम्बन्धी कानूनलाई छिटो अन्तिम रूप दिने र बचत तथा ऋण सहकारी संस्थाहरूलाई उक्त ऐनमा आधारित भई नियमन र सुपरिवेक्षणको व्यवस्था मिलाउने उल्लेख भएको।

ग. **बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानविन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन, २०७१-** नेपाल सरकारद्वारा २०७०।७।१४ मा बिशेष अदालतका तात्कालिन न्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित 'बचत तथा ऋण कारोवार गर्ने समस्याग्रस्त सहकारी संस्थाहरूको छानविन गर्न गठित जाँचबुझ आयोग, २०७०' को प्रतिवेदनमा दोस्रो तहको संस्था (Second Tier Institution) स्थापना गरी अनुगमन गर्ने छुट्टै संयन्त्र बनाएमा मौजुदा विभाग र सहकारी कार्यालय प्रभावकारी नहुने साथै यो व्यवस्थाले अनुगमन गर्ने तथा दर्ता गर्ने निकाय दुईधारमा विभाजित हुने सम्भावना हुने हुँदा यस्तो संस्थाको आवश्यकता नरहेको उल्लेख भएको ।तर सो प्रतिवेदन पछि नेपालको संविधानले सहकारीलाई तीन तहको सरकारको कार्यजिम्मेवारीमा रहने गरी अधिकारको विभाजन गरेको ।

घ. **नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका वित्तीय कारोवार गर्ने संस्थाहरुको कानूनी एवं सुपरीवेक्षकीय संरचना सम्बन्धी अवधारणापत्र, २०७२-** नेपाल सरकारले आ.व.२०७२/७३ को बजेट वक्तव्य एवं नेपाल राष्ट्र बैंकको मौद्रिक नीति मार्फत् नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका वित्तीय कारोवार गर्ने संस्थाहरुलाई नियमन एवं निरीक्षण गर्न छुट्टै निकायको स्थापना गर्ने कानूनी एवं संस्थागत संरचनाको विकास गर्ने घोषणा गरेको सन्दर्भमा उक्त कार्यलाई सहज बनाउन नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका वित्तीय कारोवार गर्ने संस्थाहरुको कानूनी एवं सुपरीवेक्षकीय संरचना सम्बन्धी अवधारणापत्र तयार भएको । यसले नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय दायरामा नरहेका सहकारी संस्था, गैर सरकारी संस्था, सम्झौतित बचत संस्थाहरुको अवस्था, अन्तर्राष्ट्रिय अनुभव, सम्भाव्य सुपरीवेक्षकीय संरचना र भावी कार्यदिशा सम्बन्धी विषयहरु समेटेको।

ङ. **सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रतिवेदन, २०८०** - नेपाल सरकारद्वारा मिति २०८०।१।२६ मा राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित 'सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८०' को प्रतिवेदनमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको अनुगमन, सुपरिवेक्षण, नियमनका लागि दोश्रो तहको प्रभावकारी नियमन संयन्त्रको आवश्यकता रहेको उल्लेख गर्दै यसका लागि छुट्टै ऐनको तर्जुमा वा विद्यमान सहकारी ऐनमा आवश्यक संसोधन गरी सहकारी नियमन तथा सुपरिवेक्षण बोर्ड वा प्राधिकरण गठन गर्न सुझाव दिएको।

च. **संसदीय छानविन विशेष समितिको प्रतिवेदन, २०८१** — प्रतिनिधि सभाका सांसद मा. सूर्यथापाको संयोजकत्वमा गठित संस्दीय छानविन विशेष समितिले सहकारी संस्थाहरूको नियमन र सुपरीवेक्षणका लागि स्वायत्त निकायको रूपमा अधिकार सम्पन्न सहकारी प्राधिकरण स्थापना गर्न सिफारिस गरेको।

छ. **राष्ट्रिय विकास समस्या समाधान समितिको निर्णयः** राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय विकास समस्या समाधान समितिको मिति २०७९ चैत २३ मा बसेको ५० औं बैठकले 'बचत तथा ऋण

सदन भुजेल
सचिव

सहकारी संस्थाहरूको प्रभावकारी नियमनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल राष्ट्र बैंकसँग समन्वय गरी दुई महिनाभित्र दोश्रो तहको नियामक निकाय स्थापना गर्न कानूनी व्यवस्था प्रस्ताव गर्ने' उल्लेख भएबमोजिम सहकारी ऐनमा संशोधन गरी सहकारी क्षेत्रमा दोश्रो तहको नियामक निकायको रुपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गरिएको।

ज. **प्राधिकरण गठन गर्ने प्रयासः** वित्तीय कारोवार गर्ने बचत तथा ऋण सहकारी संस्थ, गैर-सरकारी संस्था तथा लघु वित्तको कार्य गरिरहेका संस्थाहरुको नियमन तथा सुपरीवेक्षणको लागि दोस्रो नियामक निकायको रुपमा राष्ट्रिय लघुवित्त प्राधिकरण स्थापना गर्न नेपाल राष्ट्र बैंकबाट लघुवित्त प्राधिकरण ऐन, २०६८ को मस्यौदा तयार गरिएको।

झ. **World Council of Credit Union (WOCCU) को सुझावः** प्रस्तावित दोस्रो तहको नियामक निकायको संस्थागत संरचना कुन निकायको मातहतमा स्थापना गर्ने भन्ने सम्बन्धमा World Council of Credit Union (WOCCU) ले वित्तीय संस्थाहरुको नियामक तथा सुपरीवेक्षक निकाय मार्फत् भएमा नियमनकारी निकायहरुप्रति सर्वसाधारणको विश्वास बढ्न जाने अवधारणा राखेको छ।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार :** सालबसाली।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने :** नियमित व्ययभार पर्ने र सहकारी विभागको पुनर्संरचना गर्नुपर्ने।

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको :** नेपाल सरकार कार्य सम्पादन नियमावली, २०६४ को नियम ९ र ११ बमोजिम अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको परामर्श वा सहमति लिएको ।

१२. **प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरु :**

प्रस्तावित ऐनमा मुख्य रूपमा वित्तीय कारोवारसंग सम्बन्धित मूलभुत प्रावधानलाई हटाई सहकारीको मूल्य मान्यता र सिद्धान्तको अवलम्वन, स्वनियमन र सदस्य केन्द्रित अवधारणाको प्रवर्धन हुनेगरी देहायका विषयहरू समावेश गर्न प्रस्ताव गरिएको छः-

(क) सहकारी संघ संस्थाको परिभाषा र भुमिका,
(ख) संस्था गठन तथा दर्ता, सञ्चालन,
(ग) अभिलेख तथा प्रतिवेदन,
(घ) सहकारीका सदस्यको काम कर्तव्य,
(ङ) सञ्चालकको जवाफदेहिता,
(च) लेखा र लेखापरीक्षण,
(छ) सहकारीको सम्पत्तिको सुरक्षण,
(ज) बचत तथाको ऋणको सुरक्षण,
(झ) कर्जाको सूचना आदानप्रदान,
(ञ) अनुगमन तथा निरीक्षण,
(ट) दण्ड जरिवाना,
(ठ) वार्षिक रुपमा अद्यावधिक गर्ने,
(ड) विघटन तथा खारेजी,
(ढ) सहकारीको वर्गीकरण,
(ण) प्रवर्धन, विकास, प्रशिक्षण,

मदन भुजेल
सचिव

(त) समस्याग्रस्त अवस्थाको पहिचान र व्यवस्थापन,

(थ) बचत परिचालन,

(द) ऋण असुली न्यायाधिकरण

(ध) निष्कृय सहकारीको व्यवस्थापन,

(न) सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय,

(ऩ) सहकारीको राष्ट्रिय तथ्यांक व्यवस्थापन,

(प) सहकारी सूचना केन्द्र,

(फ) सहकारी शिक्षा, सूचना, तालिम, प्रशिक्षण तथा अध्ययन अनुसन्धान आदि।

मदन भुजेल
सचिव